# सुदूरपश्चिम विश्वविद्यालय
# कृषि विज्ञान संकाय, डीनको कार्यालय
### टीकापुर, कैलाली

## कृषि विज्ञान संकाय प्रवेश परीक्षा/भर्ना निर्देशिका २०८२/०८३

यस कृषि विज्ञान संकाय, टीकापुर, कैलालीमा शैक्षिक सत्र २०८२/०८३ – २०८६/०८७ (चार वर्ष) का लागि कृषि विज्ञान संकाय स्नातक तह प्रथम वर्ष प्रथम सत्रान्तमा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि निम्नानुसार आवेदन फाराम आह्वान गरिन्छ।

१. जम्मा विद्यार्थी भर्ना कोटा संख्या १०० (एकसय) जना रहनेछ।

२. जम्मा विद्यार्थी भर्ना कोटा संख्या १०० जना मध्ये आरक्षित छात्रवृति कोटा २५%(पच्चिस प्रतिशत) रहनेछ।

३. भर्नाको लागि आवश्यक न्यूनतम योग्यता प्रमाण पत्र तहमा (विज्ञान) अथवा १०+२ मा (विज्ञान/कृषि), तीन वर्षे कृषि तथा पशुविज्ञान डिप्लोमा, वन विज्ञान, इजिनियरिङ, वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अनिवार्य अंग्रेजी **(Compulsory English),** रसायनशास्त्र **(Chemistry),** जीवशास्त्र **(Biology)** र कम्तीमा पचास (५०) पूर्णाङ्कको गणित **(Mathematics)** एवं भौतिकशास्त्र **(Physics)** विषय अध्ययन गरी कुल प्राप्ताङ्कको पैतालिस प्रतिशत (४५%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेको वा सो सरहमा **C Grade/ 2.0 GPA** प्राप्त गरेको हुनुपर्नेछ।

४.प्रवेश परीक्षा शुल्क रु. २,५००।- (दुईहजार पाँचसय रुपयाँ मात्र) लाग्नेछ।

५. एकभन्दा बढी आरक्षित कोटाको चाहना राखेमा प्रति कोटा थप रु. १,०००।-(एकहजार) का दरले अतिरिक्त शुल्क लाग्नेछ।

६. आरक्षित कोटा छनौट गर्दा प्राथमिकताका आधारमा छनौट गर्नु पर्नेछ।

### ७. Online / Offline प्रवेश परीक्षा आवेदन फाराम भर्ने म्याद :

(क) मिति २०८२।०४।२५ गतेदेखि मिति २०८२।०५।२३ गतेसम्म।

(ख) प्रवेश परीक्षा आवेदन फाराम भर्ने विद्यार्थीहरुले कार्यालय समयभित्र नेपाल बैक लिमिटेड टीकापुर, कैलालीमा रहेको कृषि विज्ञान संकाय, डीनको कार्यालय, टीकापुरको (Dean Office Faculty of Agriculture) चल्ती हिसाब खाता नं. १०७००१०६५५३९२५००००००१ मा दाखिला गरेको सक्कल बैक भौचर वा मोवाइलवाट रकम पठाएमा प्राप्त हुने **Message pdf** फाईल बनाई निर्धारित प्रवेश परीक्षा आवेदन फाराम **website https://www.agriculture.fwu.edu.np** मार्फत **Online** वा **Offline** मा भरी पठाउनुपर्नेछ।

(घ) **Online** मार्फत **Upload** भैसकेका प्रवेश परीक्षा आवेदन फारामहरु **रुजु** भैसकेपछि **Conformation Message** र प्रवेश पत्र सम्बन्धित विद्यार्थीको **email** मा जाने भएकोले आफ्नो प्रवेश पत्र स्वयम् विद्यार्थीले नै प्रिन्ट गरी प्रवेश परीक्षा दिन आउँदा प्रवेश पत्र, सक्कल नागरिकता र सक्कल बैक भौचर साथमा ल्याई आउनुपर्नेछ।

(ङ) **प्रवेश परीक्षा आवेदन फाराम भर्दा Upload गर्नुपर्ने कागजातहरु :-**

- **SLC / SEE** का **Mark sheet र Certificates**
- १० + २ वा सो सरहको **Transcript, Provisional and Migration Certificates**
- छात्रवृतिको लागि आरक्षित कोटाको लागि सम्बन्धित निकायको सिफारिस।
- नेपाली नागरिकता र हालसालै खिचेको पासपोर्ट साईजको फोटो।
- सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो प्रमाणित हुने सम्बन्धित निकायको सिफारिस।

- विदेशी बोर्डबाट उत्तिर्ण गरेको भए सम्बन्धित बोर्डको समकक्षता **(Equivalent Certificate )**।

(च) रित नपुगी वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा समावेश गराइने छैन ।

९. प्रवेश परीक्षा मिति २०८२।०६।०१ गते बुधवार बिहान ११:०० बजे स्कूल अफ एग्रीकल्चर, टीकापुर कैलालीमा सञ्चालन हुनेछ र नतिजा प्रकाशन **२०८२।०६।०२** गरिनेछ ।

१०. **आरक्षित २५% छात्रवृत्तिको व्यवस्था** :
सुदूरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान संकाय, डीनको कार्यालयद्धारा प्रदान गरिने २५% (पच्चिस प्रतिशत) छात्रवृत्तिको व्यवस्था तपसिल अनुसार रहेको छ :-

(क) सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्लाहरुबाट १/१ गरी जम्मा ९ जना । सम्बन्धित जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट **SEE** वा **+2** वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालयमा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ ।
(ख) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने महिला २ जना ।
(ग) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पुरुष २ जना ।
(घ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थायी प्राध्यापक तथा कर्मचारीका श्रीमान्/श्रीमति/छोरा/छोरी मध्येबाट २ जना ।
(ङ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने मधेशी २ जना ।
(च) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने दलित २ जना ।
(छ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने जनजाति २ जना ।
(ज) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने स्थानीय २ जना (टीकापुर न.पा., लम्कीचुहा न.पा. भजनी न.पा, जानकी गा.पा. र जोशिपुर गाउपालिका क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित पालिकाबाट **SEE** वा **+2** वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालयमा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ ।
(झ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने अपाङ्ग १ जना ।
(ञ) योग्यता सूचिमा उत्कृष्ट अङ्क प्राप्त गर्ने पिछडा क्षेत्रबाट १ जना, सम्बन्धित क्षेत्रमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट **SEE** वा **+2** वा सो सरह अध्ययन गरेको हुनुपर्ने र उक्त कोटाहरुमा सामुदायिक विद्यालय/संस्थामा अध्ययन गरेकोलाई पहिलो प्राथमिकता दिईनेछ)

११. प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४०% (चालिस प्रतिशत) रहनेछ ।

१२. **SLC/SEE** १०% (दश प्रतिशत), १०+२ (विज्ञान/कृषि) वा तीन वर्षे कृषि डिप्लोमा १०% (दश प्रतिशत) र प्रवेश परीक्षाको ८०% (असी प्रतिशत) अङ्कभार कायम गरी योग्यता सूचि तयार गरिनेछ र योग्यताक्रम अनुसार नै भर्नाको अन्तिम नामावली प्रकाशित गरिनेछ ।

१३. प्रवेश परीक्षामा प्रमाणपत्र तहको Syllabus बमोजिम निम्नानुसारका अनिवार्य अंग्रेजी-१४, रसायनशास्त्र-१४, जीवशास्त्र-१५, बनस्पतिशास्त्र-१५, गणित-१४, भौतिकशास्त्र १४, कृषि तथा पशु विज्ञानका विषयहरु १० र सामान्य ज्ञानबाट-४ प्रश्नहरु समावेश गरिनेछ। साथै सबै प्रश्नहरु वस्तुगत हुनेछन् ।
प्रवेश परीक्षामा जम्मा १०० वटा प्रश्नहरु हुनेछन् जसका लागि १.३० घण्टा (डेढ घण्टाको) समय हुनेछ र अकंको बिभाजन निम्नानुसार गरिएको छ ।

१४. प्रवेश परीक्षा सम्बन्धी थप जानकारिका लागि स्कूल अफ एग्रीकल्चरको टेलिफोन नं. ०९१-५६०२६५ वा ९८५५०५३८२० वा ९८४५०४२५२६ वा Email: agriculture@fwu.edu.np **वा** dean.agriculture@fwu.edu.np मा सम्पर्क गरि सोध्न सकिन्छ ।

**नोटः आरक्षित कोटामा फाराम भर्दा प्रमाणको लागि आवश्यक कागजातहरु पनि सँगै पेश गर्नुपर्नेछ ।**

**प्रवेश परीक्षा संचालन तथा व्यवस्थापन समिति**